# कर्मचारी व्यवस्थापन सम्वन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७८

कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७ मा सामयिक संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

(१) <u>संक्षिप्त नाम र प्रारम्भ</u> :- (१) यस कार्यविधिको नाम "कर्मचारी व्यवस्थापन सम्वन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(२) <u>कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७ को दफा ६ मा संशोधन</u> :- कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७ को दफा ६ को उपदफा (२) को खण्ड (घ) मा रहेको "आर्थिक मामिला तथा योजना मन्त्रालयले" भन्ने शब्दहरुको सट्टा "आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश लेखा नियन्त्रकको कार्यालयसँगको समन्वयमा" भन्ने शब्दहरु राखिएका छन।